# संरक्षण कोष (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०७७

प्रदेशमा घरेलु तथा लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितलाई तत्काल उद्धार, राहत तथा पुनःस्थापना गर्न प्रत्येक स्थानीय तहमा प्रदेश घरेलु हिंसा सम्बन्धी ऐन, २०७५ बमोजिम स्थापना हुने संरक्षण कोषको व्यवस्थापन तथा सञ्चालनका लागि प्रदेश घरेलु हिंसा सम्बन्धी नियमावली, २०७६ को नियम १२ को उपनियम (४) ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले यो मापदण्ड स्वीकृत गरी लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "संरक्षण कोष (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०७७" रहेको छ।

(२) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएपछि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "ऐन" भन्नाले प्रदेश घरेलु हिंसा सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "कोष" भन्नाले ऐनको दफा १० बमोजिम स्थानीय तहमा तहमा स्थापना भएको संरक्षण कोष सम्झनु पर्छ।

(ग) "नियम" भन्नाले प्रदेश घरेलु हिंसा सम्बन्धी नियमावली, २०७६ सम्झनु पर्छ।

(घ) "पीडित" भन्नाले घरेलु हिंसाबाट पीडित तथा प्रभावित व्यक्ति सम्झनु पर्छ।

(ङ) "प्रदेश" भन्नाले प्रदेश नं. १ सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय, प्रदेश नं १ सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले ऐनको दफा ११ बमोजिमको कोष सञ्चालनका लागि गठित समिति सम्झनु पर्छ।

(ज) "स्थानीय तह" भन्नाले प्रदेशभित्रका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका सम्झनु पर्छ।

३. **स्थानीय तहको कोषमा रकम उपलब्ध गराइनेः** (१) प्रदेशभित्रका प्रत्येक स्थानीय तहमा ऐनको दफा १० बमोजिम स्थापना भएको कोषमा प्रदेश सरकारबाट तोकिएको सशर्त रकम अनुदान स्वरूप उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिमको रकमका अतिरिक्त कोषमा देहाय बमोजिमका रकम रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) सम्बन्धित स्थानीय तहबाट थप गरिएको रकम,

(ग) कुनै स्वदेशी वा प्रचलित नियम बमोजिम विदेशी संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) अन्य श्रोतबाट प्राप्त रकम।

(३) उपदफा (१) बमोजिम उपलब्ध गराइएको रकम एक आर्थिक वर्षमा खर्च हुन नसकेमा सो रकम अर्को आर्थिक वर्षमा कोषमा स्वतः सर्नेछ।

४. **<u>कोषको रकमको प्रयोगः</u>** (१) कोषको रकमको खर्च गर्दा यस मापदण्ड बमोजिमको सीमा र शीर्षक अनुसार खर्च गर्नुपर्नेछ।

(२) स्थानीय तहले कोषको रकमको प्रयोग देहायका कामको लागि गर्नुपर्नेछः-

(क) पीडितको तत्काल उद्धार गर्न,

(ख) पीडितलाई औषधि उपचार गर्न,

(ग) पीडितलाई तत्काल उपचार गराउदा लागेको खर्च पीडकले तत्काल व्यहोर्न नसक्ने भइ अदालतको आदेश बमोजिम त्यस्तो पीडितको स्वास्थ्य उपचार गर्न,

(घ) पीडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श लगायतका सेवा प्रदान गर्न,

(ङ) सीपमूलक तालिम प्राप्त पीडितलाई स्वरोजगारका लागि व्यवसाय स्थापना खर्च रकम अनुदानको रुपमा प्रदान गर्न,

(च) पीडितका लागि पुनःस्थापना केन्द्र सञ्चालन गर्न,

(छ) पीडितलाई सामाजिक पुनःस्थापना गराउन,

(ज) समितिले उपयुक्त ठहऱ्याएको पीडितको उद्धार, राहत र पुनःस्थापना सम्बन्धी अन्य कार्यका लागि।

५. **<u>समिति सम्बन्धी व्यवस्था र रकम वितरणको सीमाः</u>** (१) कोषको व्यवस्थापन तथा सञ्चालनका लागि ऐनको दफा ११ बमोजिम स्थानीय तहमा देहाय बमोजिमको एक समिति रहनेछः-

(क) सम्बन्धित स्थानीय तहको न्यायिक समितिको संयोजक —अध्यक्ष

(ख) मन्त्रालयले मनोनयन गरेको स्थानीय समाजसेवी वा अधिकारकर्मी एकजना —सदस्य

(ग) सम्बन्धित स्थानीय तहको लेखा प्रमुख —सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले पीडितलाई रकम उपलब्ध गराउदा देहाय बमोजिमको सीमामा रही रकम उपलब्ध गराउनु पर्नेछः-

(क) पीडितलाई तत्काल उद्धार गर्दा, औषधि उपचार, पुनःस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानविय क्षति हुने देखिएको र सो का लागि समितिले कुनै रकम उपलब्ध नगराएको वा गराउन सम्भव हुने अवस्था नदेखिएकोमा समितिले सो प्रयोजनका लागि पचास हजार रुपैयाँमा नबढ्ने गरी मनासिव रकम,

(ख) पीडितले कुनै सीपमूलक तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गर्नका लागि वस्तुगत तथा नगद अनुदान माग गरेमा बढीमा प्रतिव्यक्ति बीस हजार रुपैयाँसम्म,

(ग) पीडितलाई कानूनी सहायता, औषधि उपचार, मनोसामाजिक विमर्श सेवाको लागि बढीमा पाँच हजार रुपैयाँसम्म,

(घ) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम खाना खर्च बापत तीन सय रूपैयाँ र बास बस्नुपर्ने भएमा सो बापत छुट्टै रकम दिनुपर्ने भएमा प्रतिदिन पाँच सय रूपैयाँका दरले बढीमा पाँच हजार रूपैयाँसम्म,

(ङ) समितिले घटनाको प्रकृति पीडितको अवस्था समेतलाई विचार गरी उपयुक्त ठहऱ्याएको पीडितको उद्धार, राहत र पुनःस्थापना सम्बन्धी अन्य कार्यका लागि दश हजार रूपैयाँसम्म,

(च) पीडितलाई अस्पताल भर्ना गरी औषधि उपचार गर्नुपर्ने भएमा अस्पताल आउँदाजाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत प्रतिदिन तीन सय रूपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभइ बाहिर बस्नु परेमा बढीमा पाँच दिनको बास खर्च वापत प्रतिदिन पाँच सय रूपैयाँ र उपचार खर्च समेत गरी बढीमा छ हजार रुपैयाँ नबढ्ने गरी लागेको खर्च,

(छ) पीडितसँग कुनै बालबच्चा भएमा बालबच्चाका लागि पीडित सरहको खाना खर्च रकम।

६. **<u>निवेदन दिनु पर्ने:</u>** (१) यस मापदण्ड बमोजिम कोषबाट आर्थिक सहयोग चाहने पीडितले आर्थिक सहयोग पाउनुपर्ने मानसिब कारण खुलाई समिति समक्ष निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पीडितलाई आर्थिक सहयोग गर्नुपर्ने मनासिब आधार देखिएमा समितिले दफा ५ को उपदफा (२) को अधीनमा रही पीडितलाई रकम उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पीडितलाई रकम उपलब्ध गराउनु पर्ने मनासिब आधार नदेखिएमा समितिले सो को जानकारी निवेदकलाई गराउनु पर्नेछ।

७. **कोषको लेखा र लेखा परीक्षणः** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नुपर्नेछ।

(२) कोषको आन्तरिक र अन्तिम लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ।

८. **खर्चको फाँटवारी पठाउनु पर्नेः** समितिले प्रत्येक महिना कोष सम्बन्धी आम्दानी तथा खर्चको फाँटवारी मन्त्रालयमा पठाउनु पर्नेछ।

९. **समितिको बैठक सम्बन्धी व्यवस्थाः** (१) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(२) समितिको प्रशासनिक खर्च प्रदेश सरकारबाट प्राप्त रकमबाट व्यहोर्न पाइने छैन।

१०. **समितिको सचिवालयः** समितिको सचिवालय स्थानीय तहले तोकेको स्थानमा रहनेछ।

११. **संशोधन वा खारेजीः** मन्त्रालयले यस मापदण्डमा आवश्यक संशोधन गर्न वा मापदण्डलाई खारेज गर्न सक्नेछ।

सामाजिक विकास मन्त्रालय